# बैठक संख्याः १९ औं

मितिः २०८२।०३।०८ आइतबार समयः दिनको २:०० बजे स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री शेषकान्त भण्डारी (वडा अध्यक्ष - वडा नं. ९) | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २५ | श्री देव प्रसाद ज्ञवाली | वरिष्ठ अधिकृत, साँतौं (प्रशासनीक काम गर्ने) | |
| २६ | श्री ओमेश कुमार गैरे | बरिष्ठ लेखा अधिकृत | |

<u>*प्रस्तावहरु :*</u>

१. नगरसभा सञ्चालन सम्बन्धमा ।

२. विविध ।

## बैठक सख्याः १९ औं

मिति २०८२/०३/०८ को नगर कार्यपालिका बैठकको निर्णयहरुः-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको नगर सभाको १८ औं अधिवेशन देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

नगर सभाको अधिवेशन

मितिः २०८२ आषाढ २१ गते, शनिवार ।
स्थानः महेन्द्र सभागृह ।
समयः दिनको ४:०० बजे ।

निर्णय नं. २(दुई) विविधः

१. नेपाली राजदुतावास बैंकक, थाइल्याण्डको मिति २९ अप्रेल २०२५ को पत्रानुसार भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी र उहाँको बाल्यकालका घरहरू र उहाँसग सम्बन्धित अन्य पवित्र स्थानहरूका संरक्षक र प्रवर्द्धकको रूपमा रहेको लुम्बिनी, कपिलवस्तु, रामग्राम, तिलौराकोट जस्ता विश्वभरका तीर्थस्थलहरू र सांस्कृतिक सम्पदाहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले विश्वभरका विद्वानहरू, भिक्षुहरू, कलाकारहरू, कूटनीतिज्ञहरू र बौद्ध धर्मका अनुयायीहरूलाई एकै ठाउँ बैंककमा ल्याउने कार्यक्रम भएकोले **Lumbini Nepal - The Birthplace of Lord Buddha and the Fountain of World Peace** "लुम्बिनी, नेपाल-बुद्धको जन्मस्थल र विश्व शान्तिको मुहान" कार्यक्रममा सन् २०२५ मे ११ र १२ गते बैंकक, थाइल्याण्डमा आयोजना हुने कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख र उपप्रमुख सो कार्यक्रममा सहभागी हुन जानु भएको हुँदा सो भ्रमणलाइ अनुमोदन गरियो साथै नगर प्रमुखको थाइल्याण्ड भ्रमणको लागी भिसा र टिकट वापतको रकम रु.१,०९,८३८ (अक्षेरुपी एक लाख नौ हजार आठ सय अठ्तीस रुपैया मात्र) र उपप्रमुखको भिसा र टिकट वापतको रकम रु.६९,४५०(अक्षेरुपी उनान्सत्तरी हजार चार सय पचास रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो।

२. सिद्धार्थनगर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष शेषकान्त भण्डारीले आफ्नो केही बर्ष देखि स्वास्थ्यमा समस्या भइ औषधी उपचार भई रहेको हुँदा आफ्नो आर्थिक अवस्था कमजोर भएकोले औषधी उपचारको लागि आर्थिक सहयोग माग गरी यस नगरपालिकामा निवेदन पेश हुन आएको हुँदा वडा नं. ९ का वडा अध्यक्ष श्री शेषकान्त भण्डारीलाई औषधी उपचारका लागि विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु.१,५०,००० (अक्षेरुपी एक लाख पचास हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।

३. सिद्धार्थनगर नगरपालिका वडा नं. २ को आ.ब. २०८०/८१ मा भएको गाउँ ब्लकको नापी नक्सा कार्यको भुक्तानीका लागी नापी कार्यालय रुपन्देहीबाट माग भएको रु. ३,८०,०००/- रकम आ.ब. २०८१/८२ मा वडा नं. १ को गाउँ ब्लक जग्गाको नापी कार्यको लागी खर्च शिर्षक २२४११ मा विनियोजित रकम रु. ५,००,०००/- मध्येबाट उल्लेखित रकम नापी कार्यालय, रुपन्देहीलाई भुक्तानी दिने निर्णय गरियो ।

४. सिद्धार्थनगर नगरपालिकाको पत्रकारिता अक्षयकोष व्यवस्थापन कार्यविधि २०५६, भाषा, साहित्य कला र संस्कृति सम्बन्धी कार्यविधि, २०७६ र खेलकुद तथा खेलाडी अक्षयकोष,२०७६ बमोजिमको तिनवटा अक्षयकोषका बैंक खाताहरु एभरेष्ट बैंक लिमिटेड भैरहवा शाखामा खोलिएकोमा नगरपालिकाका अन्य खाताहरु कृषि विकास बैंक, भैरहवा शाखामा रहेको हुँदा उल्लेखित अक्षयकोषका सबै खाताहरु एभरेष्ट बैंक भैरहवा शाखावाट कृषि विकास बैंक भैरहवा शाखामा सार्ने निर्णय गरियो ।

५. सिद्धार्थनगर नगरपालिकामा नगरस्तरिय खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

६. सिद्धार्थनगर नगरपालिका वडा नं. २ का वडा सदस्य एवम् न्यायीक समितिका सदस्य श्री राज कुमार अहिरको छोराको असामयिक निधन भएको जानकारी हुन आएको हुँदा निज सदस्यको छोराको काजकृया खर्च वापत रु ५०,०००/- पचास हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

७. सिद्धार्थनगर नगरपालिका स्थित गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल भित्र माटो खसाल्ने प्रयोजनका लागी गल्लामण्डी देखि एयरपोर्ट जाने पक्की सडकमा माटो वोक्ने ट्रिपर हाइवाहरुले सडकमा माटो जाथाभावी खसाली बर्षातको समयमा सडक हिलाम्य हुने र गर्मिको समयमा धुलो हुने हुँदा सोको नियमन र नियन्त्रणका लागी जिल्ला प्रशासन कार्यालय रुपन्देही र गौतमवुद्ध अन्तर्राष्ट्रिय विमान स्थल भैरहवामा अनुरोध गरी पठाउने निर्णय गरियो ।

८. सिद्धार्थनगर नगरपालिका वडा नं. ११ को सडक किनारामा गाइवस्तुहरु बाधि गोवर राखेको हुँदा सो क्षेत्रमा नगर प्रहरीको अनुमन गराइ हटाउन लगाउने निर्णय गरियो ।

९. सिद्धार्थनगर नगरपालिकाको वडा कार्यालय लगायतका अन्य शाखाहरुमा कार्यालयको कामको चाप वढदै गएको कर्मचारीहरु कमी भएको हुँदा सो विषयलाइ मध्यनजर गरी देहाय बमोजिम जनशक्ति व्यवस्थापन गरी सहायक कम्प्युटर अपरेटर/फोहोरमैला व्यवस्थापन नाइके/कार्यालय सहयोगी पदमा दैनिक ज्यालादारीमा कामकाजमा खटाउने र निजहरुको पारिश्रमिकको हकमा जिल्ला दररेटका आधारमा दिने निर्णय गरियो ।

देहायः

| सि.नं | नियुक्त हुने प्रस्तावित नामहरु | कामकाज गर्ने पद | काम गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | अकवर बादशाह शेष | सहायक कम्प्युटर अपरेटर | वडा नं. १ | |
| २ | दिलिप यादव | सहायक कम्प्युटर अपरेटर | वडा नं. २ | |
| ३ | सुनिता कर्माचार्य | सहायक कम्प्युटर अपरेटर | वडा नं. ३ | |
| ४ | कल्पना खनाल | सहायक कम्प्युटर अपरेटर | वडा नं. ४ | |
| ५ | प्रताप वोहरा | सहायक कम्प्युटर अपरेटर | वडा नं. ५ | |
| ६ | अल्तमस शेष | सहायक कम्प्युटर अपरेटर | वडा नं. ६ | |
| ७ | श्रेया मल्लिक | सहायक कम्प्युटर अपरेटर | वडा नं. ७ | |
| ८ | सहनाज शेष | सहायक कम्प्युटर अपरेटर | वडा नं. ८ | |
| ९ | अस्मिता शर्मा | सहायक कम्प्युटर अपरेटर | वडा नं. ९ | |
| १० | मनिष कोहार | सहायक कम्प्युटर अपरेटर | वडा नं. १० | |
| ११ | भरज रजक | सहायक कम्प्युटर अपरेटर | वडा नं. ११ | |

| | | | | |
|---|---|---|---|---|
| १२ | गोलु यादव | सहायक कम्प्युटर अपरेटर | वडा नं. १२ | |
| १३ | शान्ति क्षेत्री अधिकारी | सहायक कम्प्युटर अपरेटर | वडा नं. १३ | |
| १४ | कमल घिमिरे | सहायक कम्प्युटर अपरेटर | उपप्रमुखको सचिवाललय | |
| १५ | शैलजा आचार्य | सहायक कम्प्युटर अपरेटर | राजश्व शाखा | |
| १६ | बैजनाथ यादव | फोहोरमैला नाइके | सरसफाइ शाखा | |
| १७ | मोहम्मद ऐनुल्लाहा खाँ | फोहोरमैला नाइके | सरसफाइ शाखा | |
| १८ | इन्द्रमणि पाण्डे | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य केन्द्र ५ | |
| १९ | राज पाण्डे | कार्यालय सहयोगी | ४ नं. वडा कार्यालय | |
| | | | | |

१०.श्री मालपोत कार्यालय भैहरवा, रुपन्देहीको च.नं. १३०६५ मिति २०८२/०३/०३ को पत्रानुसार सिद्धार्थनगर नगरपालिका कार्यक्षेत्र भित्र पर्ने जग्गा रजिष्ट्रेशन पारित हुने लिखितमा थैली अंक कायम गर्ने प्रयोजनको लागि जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारणका लागी पत्राचार भएकोमा यस नगरपालिका भित्र रहेको जग्गाको रजिष्ट्रेशन गर्ने प्रयोजनका लागी आ.व. २०८१/८२ को न्यूनतम दररेटलाइ नै आगामी आर्थिक बर्ष २०८२/८३ को लागि रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि न्यूनतम अंक कायम गर्न मालपोत कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।